बैठक नं : १३
मिति :२०७९/०९/०७ गते
समयः दिनको ७:३० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७९।०९।०७ गते विहिवार दिनको ७.३० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितीः

| | | |
|---|---|---|
| १ | श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री सोम प्रसाद वराल | कार्यपालिका सदस्य |
| ४ | श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ५ | श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ६ | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ७ | श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ८ | श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ | श्री रेगनराज थापा | कार्यपालिका सदस्य |
| १० | श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ | श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ | श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ | श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ | श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ | श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ | श्री ठाकुर प्रसाद दाहाल | कार्यपालिका सचिव |

अन्य

श्री सेवक विक्रम राई लेखा अधिकृत

श्री तिर्थ कुमार भण्डारी प्रशासन शाखा प्रमुख

**<u>प्रस्तावहरु:</u>**

**प्रस्ताव नं**. १.करार जनशक्ति पदपूर्ति सूचना प्रकाशन सम्बन्धमा ।

**प्रस्ताव नं** २ समपुरक तथा विशेष योजना माग सम्बन्धमा ।

**प्रस्ताव नं** ३ स्थानिय तह विमा संयोजन समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं** ४ आर्थिक सहायत उप समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं** ५ शिक्षक व्यवस्थापन ।

**निर्णयहरु**

निर्णय नं १ यस गाउँपालिकाको सेवा प्रवाह र क्षेत्रगत विकास निर्माण जस्ता गतिविधि संचालन गर्न केहि कर्मचारी रिक्त भएकोले सो पदपुर्तिको लागि करार जनशक्ति व्यवस्थापन कार्यविधि २०७४ को दोश्रो संशोधन सहितको दफा ५ र ६ को व्यवस्था बमोजिम तपशिल बमोजिमको पदको ७ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै बाँकी पदहरु गाउँपालिका अध्यक्ष र उपाध्यक्षको समन्वयमा रिक्त पद तथा दरबन्दीको विश्लेषण गरी गाउँ कार्यपालिकाको कार्यालयले विज्ञापन गर्ने समेत निर्णय गरियो ।

कार्यालय सहयोगि माग संख्याः १

न्यायीक सहजकर्ता माग संख्याः १

अमिन माग संख्याः १

ग्रा. स्वा. का. पशुतर्फ माग संख्याः३

अ .हे. व. माग संख्याः २

अनमी माग संख्याः २

ना. प्रा. स. माग संख्याः१

**निर्णय नं २** यस गाउँपालिका विभिन्न क्षेत्रगत आवश्यताको आधारमा आ व. २०८०/०८१ को लागि संघीय समपुरक तथा विशेष अनुदानमा तपशिलका योजना तथा कार्यक्रम माग गर्ने आजको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

विशेष अनुदान तर्फ

१ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत गोलन्जोर ०१ प्रा वि धन्सार रु १४००००००।

२ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं २ वाललहरी प्रा वि भन्नज्याङ्गरु १४००००००।

३ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ३ प्रा वि धेद्रे रु १४००००००।

४ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ५ को प्रा वि धुराडाँडाँ रु १४००००००।

५ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ६ को प्रा वि नाकाजोली रु १४००००००।

६ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ७ पुष्प नि मा वि वाराहा रु १४००००००।

७ विध्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ४ को मुलडाँडा प्रा वि रु १४००००००।

**विशेष अनुदान स्वास्थ्य तर्फ**

१ स्वास्थ्य चौकी भवन डुडभन्ज्याङ्ग वडा नं १ रु १४००००००।

२ तिनकन्या स्वास्थ्य चौकी वडा नं ०४ रु १४००००००।

३ रतनचुरा स्वास्थ्य चौकी वडा नं ५ रु१४००००००।

४ घोक्सिला स्वास्थ्य चौकी वडा नं ०६ रु १४००००००।

५ सुनकोशी सामुदायिक अस्पताल ट्रमा सेन्टर निर्माण वडा नं ०७ रु १००००००००।

६ भिमज्योती क्याम्पस भवन निर्माण वडा नां ०७ रु १४००००००।

**समपुरक अनुदान पुर्वाधार विकास**

१ थाक्ले बत्तिसे कटुन्जे सडक मर्मत तथा निर्माण रु २०००००००।

२ छव्विस भक्तिराम नाकाजोली देउरालीटार सडक प्रदेश समपुरक योजना माग गर्ने रु ५००००००००।

३ वडाकार्यालय खोक्लिङ्ग भन्ज्याङ्ग ग्वालटार संघीय समपुरक वडा नं ४ रु १००००००००।

४ कुडुले डुडभन्ज्याङ्ग धनसार तोश्रामखोला सडक वडा नं १ रु १०००००००।

५ घर्तिखोला दोभान अधेरी खोला नियन्त्रण वडा नं ०७ रु १०००००००।

६ सुगुँरेफाट तल्लो माथिल्लो तार जाली वडा नं ६ रु १०००००००।

७ घट्टाको कुलो स्तरोन्नती वडा नं ७ रु ५००००००।

८ कुडुले बाधदेखि पिर्रेमुनी सम्म वडा नं ३ रु १०००००००।

९ वितिजोर खोला तटबन्धन वडा नं ३ रु १०००००००।

**निर्णय नं ३** यस गाउँपालिका क्षेत्रमा रहेका आम जनसमुदायको स्वास्थ्य संम्बेदनशिलताको आधारमा स्वास्थ्य विमा कार्यक्रम समुदाय स्तरमा पुर्याउन प्रबर्धनात्मक रुपमा जेष्ठ नागरिक दलित विपन्न लगाएतलाई निशुल्क गर्दै आम समुदायमा स्वास्थ्य विमा कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्न गोलन्जोर गाउँपालिका स्तरिय स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

गाउँपालिका अध्यक्ष संयोजक

श्री भक्त बहादुर भुजेल मनोनित सदस्य

श्री मनोनित सेवा प्रदायक संस्थाको प्रतिनिधि सदस्य

श्री के पि पोखरेल मनोनित सदस्य

श्री लिला वराल मनोनित सदस्य

श्री स्वास्थ्य शाखा प्रमुख सदस्य

श्री दर्ता अधिकारी स्वास्थ्य विमा वोर्ड सदस्य

श्री प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**निर्णय नं ४** यस गाउँपालिकामा हुने आर्थिक सहायता चन्दा पुरस्कार लागाएतका वितरण मुखि कार्यक्रम संचालन गर्दा बास्तविक तथ्यगत रुपमा निर्णय गर्न कार्यपालिकालाई सिफारिस गर्न तपशिल बमोजिम आर्थिक सहायत उप समिति गठन गर्ने निर्णय गरियो ।

१ श्री रेगनराज थापा सदस्य

२ श्री दौलत कार्की सदस्य

३ श्री के पि पोखरेल सदस्य

**निर्णय नं ५** यस गाउँपालिका अन्तर्गत वडा नं ३ को कौशिका मा वि ग्वालटारमा कार्यरत नि मा शि तृतिय गणित विषयका शिक्षक श्री रमेश कुमार वर्मालाई निज कार्यरत पद रिक्त रहने गरी वडा नं ०५ को जनता मा वि खनियाखर्कमा संजय कुमार साहको सरुवाबाट रिक्त रहेको समान तह श्रेणी र विषयको शिक्षक पदमा खटाई सोही पदमा पदस्थापन गर्ने निर्णय गरियो ।